# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आषाढ २७ गते २०१२ साल

## भाग ६

### राज्यव्यवस्था विभागको विज्ञप्ति

मा. ज. १८ (१क) ४/४–३२।:२ ०१२।३।२०१२

घात लागेका मानिस भर्ना गरे भन्ने अभियोगमा गृहविभागको का. मु. सेक्रेटरी सरदार मानबहादुर उपर भ्रष्टाचार निवारण अफिसबाट मुद्दा चलाउने ठहराई अपील दोस्रा फाँटमा पठाएकोमा सो अपीलले ऐनबमोजिम सस्पेण्डको पुर्जी दिएको–'मारीस इविलेसम्म मुद्दा चलाएको हो, ऐनले सस्पेण्ड हुनुपर्ने हुँदा अफिसको काम गर्दैछु, सस्पेण्ड गरेको खारेज गरी सूचना गर्नुहोला' भन्नेसमेत बेहोराको श्री का. मु. से. मानबहादुरले अपील दोस्रा फाँटलाई लेखी बोधार्थ नारायणहिटी श्री ५ महाराजाधिराजको सचिवालयमा पठाएकोमा कानूनबमोजिम



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तिम निर्णय नभएसम्म वहाँको ठाउँमा गृहविभागकै डेपुटी सेक्रेटरी श्रीवत्सराजलाई का. मु. सेक्रेटरी गराई काम गराउनु भन्ने ०१२–३–२०–२ का दिन सरकारबाट निर्णय भएअनुसार गृहविभागको का.मु. सेक्रेटरी श्रीवत्सराज हुनुभएको छ।

आज्ञाले—

माणिकलाल,

का. मु. सेक्रेटरी–राज्यव्यवस्था विभाग.

## राज्यव्यवस्था विभागको विज्ञप्ति

पत्रसंख्या मा. व. १८. (३क) ११९ — २१—३—०१२

सरकारबाट भएका निर्णयानुसार मालपोतविभागको का. मु. सेक्रेटरी उमेश्वरलालले विभागीय काम सन्तोषजनक गर्न नसकेको र रैती दुनियाँलाई हित र सुविस्ता हुने काममा सरकारको मुराद्बमोजिम काम नगरी ढिलाइ सुस्ती र लापरबाहीसमेत देखाएकोले यस्ता अयोग्य कर्मचारीहरूलाई यस्तो उत्तरदायी पदमा राख्दा सरकार रैयत दुवैलाई हानि नोकसानी हुने मात्र होइन कि कर्मचारीहरूको नैतिकस्तरमा समेत नराम्रो प्रभाव पर्न जाने हुनाले निज का. मु. सेक्रेटरी उमेश्वरलाल ०१२।३।२० का दिन जागीरबाट बरखास्त हुनुभयो र वहाँको ठाउँमा ललितपुर मैजिष्ट्रेटबाट राज्यव्यवस्थामा जगेडा रहनुभएको श्रीइन्द्रलाल अमात्य अर्को सूचना नभएसम्म मालपोतविभागको का. मु. सेक्रेटरी हुनुभएको छ।

आज्ञाले—

माणिकलाल,

का. मु. सेक्रेटरी–राज्यव्यवस्था विभाग.

---

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।